# फाल्गुनन्द गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

फाक्तेप, पाँचथर

कोशि प्रदेश, नेपाल

मितिः- २०८२/१२/३०

पत्र सं.२०८२/८३

**व्यक्तिगत घटना दर्ता सप्ताह सञ्चालन सम्बन्धी अत्यन्त जरुरी सूचना ॥**

प्रस्तुत विषयमा व्यक्तिको कानूनी पहिचान स्थापित गर्न, राज्यलाई नीति निर्माण गर्न र राज्यबाट प्रवाह हुने सेवा प्राप्तिको लागि व्यक्तिगत घटना दर्ता आवश्यक रहेकोले सो सम्बन्धी जनचेतना अभिवृद्धि गर्न प्रत्येक बर्ष बैशाख महिनाको पहिलो हप्ता व्यक्तिगत घटना दर्ता सप्ताह मनाईदै आएको र आगामी बर्ष वि.सं. २०८३ साल बैशाख १ गतेदेखि ७ गतेसम्म देशैभरी व्यक्तिगत घटना दर्ता सप्ताह सञ्चालन गर्ने राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण विभागको निर्णय अनुसार यस फाल्गुनन्द गाउँपालिकाका सातवटै वडा कार्यालयहरुमा पनि सोहि अनुसारको कार्यक्रम गरिने भएको हुँदा जन्म, मृत्यु, बसाई सराई , विवाह र सम्बन्ध विच्छेद दर्ता जस्ता व्यक्तिगत घटना दर्ता गर्न बाँकी रहेका यस फाल्गुनन्द गाउँपालिकाका सम्पूर्ण सेवाग्राहीहरुले कार्यालय समयमा आफ्नो वडा कार्यालयमा गई अनिवार्य रुपमा घटना दर्ता गर्नुहुन अनुरोध छ ।

**ध्यान दिनुहोला व्यक्तिगत घटना दर्ता किन गर्ने ?**

- बालबालिकाहरुलाई विध्यालय भर्ना गर्न ।
- सामाजिक सुरक्षा भत्ता प्राप्त गर्न ।
- नागरिकता, राष्ट्रिय परिचयपत्र, राहादानी र नावालक परिचयपत्र बनाउन ।
- बैंक खाता खोल्न।
- राज्यबाट प्राप्त हुने अन्य सेवासुविधा लिन तथा आफ्नो हक अधिकार सुनिश्चित गर्न ।

व्यक्तिगत घटना दर्ता गर्नु सबै नागरिकको कर्तव्य हो। त्यसैले व्यक्तिगत घटना घटेको पैंतीस दिन भित्रमा व्यक्तिगत घटना दर्ता गरी जिम्मेवार नागरिकको भुमिका निर्वाह गरौं ।

**थप जानकारिका लागि सम्बन्धित वडा कार्यालय वा फाल्गुनन्द गाउँपालिकाको कार्यालय फाक्तेप, पाँचथरमा सम्पर्क गर्न सक्नुहुनेछ ।**

निर्मल अधिकारी

नि. प्रमुख प्रशासकीय अधिकृत

निर्मल अधिकारी

नि.प्रमुख प्रशासकीय अधिकृत